# दुल्लू नगरपालिका
# स्थानीय राजपत्र

| खण्डः८ | संख्याः१६ | २०८१ चैत्र २१ गते |
|---|---|---|


## भागः२

दुल्लू नगरपालिका,नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**दुल्लू अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड,(पहिलो संशोधन) २०८१**

**प्रस्तावना**: दुल्लू नगरपालिका अन्तरगत रहेको दुल्लू अस्पतालमा कार्यरत कर्मचारीको सेवा सुविधामा सम्बन्धी मापदण्ड,२०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

दुल्लू नगरपालिकाको दुल्लू अस्पतालमा कार्यरत कर्मचारीको सेवा सुबिधा सम्बन्धी मापदण्ड, २०८१ को दफा (७) ले दिएको अधिकार प्रयोग गरि दुल्लू नगर कार्यपालिकाको मिति २०८१।११।२४ गतेको वैठकवाट "दुल्लू अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८१" (पहिलो संशोधन, २०८१) स्वीकृत गरी लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "दुल्लू अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८१"(पहिलो संशोधन २०८१) रहेको छ ।

(२) यो मापदण्ड नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. दुल्लू अस्पतालमा कार्यरत कर्मचारीको सेवा सुविधामा सम्बन्धी मापदण्ड,२०८१ को दफा (३) को उपदफा (५) मा संशोधनः दुल्लू अस्पतालमा कार्यरत कर्मचारीको सेवा सुविधामा सम्बन्धी मापदण्ड,२०८१(यस पछि मुल कार्यविधि भनिएको) को दफा ३ को उपदफा (५) बुदा नं ३,४,५,१३ र १६ मा देहाय बमोजिम संशोधन गरिएको छः

| संशोधन गर्नुपर्ने दफा | विवरण | संशोधनको व्यहोरा |
|---|---|---|
| ३ | मेजर अप्रेसन | जम्मा प्राप्त रकमको ७० प्रतिशत रकम अप्रेशनमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने र बाँकी ३० प्रतिशत अस्पतालमा जम्मा गर्ने, प्राबधानको सट्टा "जम्मा प्राप्त रकमको ६० प्रतिशत रकम अप्रेशनमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने र बाँकी ४० प्रतिशत अस्पतालमा जम्मा गर्ने भन्ने बाक्याङ्श राखिएको छ।" |
| ४ | नर्मल अप्रेसन | जम्मा प्राप्त रकमको ५० प्रतिशत रकम अप्रेशनमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने र बाँकी ५० प्रतिशत अस्पतालमा जम्मा गर्ने, बाक्याङ्शको सट्टा "जम्मा प्राप्त रकमको ४० प्रतिशत रकम अप्रेशनमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने र बाँकी ६० प्रतिशत अस्पतालमा जम्मा गर्ने भन्ने बाक्याङ्श राखिएको छ।" |
| ५ | भिडियो एक्सरे सेवा | जम्मा आम्दानी भएको रकम मध्ये ५० प्रतिशत रकम प्रोत्साहन स्वरुप संलग्न कर्मचारीलाई उपलब्ध गराइने, वाक्याङ्शको सट्टा "जम्मा आम्दानी भएको रकम मध्ये ४० प्रतिशत रकम प्रोत्साहन स्वरुप संलग्न कर्मचारीलाई उपलब्ध गराइने भन्ने बाक्याङ्श राखिएको छ।" |
| १३ | डेन्टल | नगद आम्दानीको ५ प्रतिशत रकम उपलब्ध गराउने, वाक्याङ्शको सट्टा "नगद आम्दानीको ४० प्रतिशत रकम उपलब्ध गराउने बाक्याङ्श राखिएको छ।" |
| १६ | इ.सि.जी | नगद आम्दानीको ५० प्रतिशत रकम संलग्न कर्मचारीलाई उपलब्ध गराउने, वाक्याङ्शको सट्टा "नगद आम्दानीको ४० प्रतिशत रकम संलग्न कर्मचारीलाई उपलब्ध गराउने बाक्याङ्श राखिएको छ।" |

आज्ञाले
तिलक वि.क
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति : २०८१।१२।२१